# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, छात्रवृत्ति कार्यविधि, २०६३
# (संसोधन २०७८)

**प्रस्तावना:**

गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षा अध्ययन गर्न प्रोत्साहित गर्न तथा *दैवि प्रकोप, विपद पिडित तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई राहतको अनुभुति* दिने उद्देश्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(य) बमोजिम परिषदले छात्रवृत्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्नका लागि "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, **छात्रवृत्ति कार्यविधि, २०६३ *(संसोधन २०७८)*"** बनाएको छ ।*

## खण्ड क नियमित छात्रवृत्ति

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) ***यस कार्यविधिको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, छात्रवृत्ति कार्यविधि २०६३ (संसोधन २०७८) " रहेको छ । ****

(२) यस कार्यविधि तुरुन्त प्रारम्भ हूनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनू पर्दछ ।

(ख) "नियमावली" भन्नाले "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ संसोधन सहित" सम्झनू पर्दछ ।

(ग) "संस्था" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई जनाउनेछ ।

(घ) "परिषद" भन्नाले ऐनको दफा ७ बमोजिम गठित परिषद सम्झनू पर्दछ ।

(ङ) "पार्षद" भन्नाले परिषदको सदस्य सम्झनू पर्दछ र सो शब्दले संस्थाका अध्यक्ष तथा उपाध्यक्ष समेतलाई जनाउनेछ ।

(च) "परीक्षा समिति" भन्नाले नियमावलीको नियम ६९ बमोजिम गठित समितिलाई जनाउनेछ ।

(छ) ***"विद्यार्थी मामिला शाखा" भन्नाले*** *संस्थाको* ***कर्पोरेट अफेयर्स अन्तर्गतको विद्यार्थी मामिला शाखालाई सम्झनु पर्दछ ।*** *

(ज) "कार्यविधि" भन्नाले "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, छात्रवृत्ति कार्यविधी २०६३ ( संसोधन २०७८)" लाई जनाउनेछ ।

(झ) "छात्रवृत्ति कोष" भन्नाले कार्यविधि ३ बमोजिम स्थापना भएको कोषलाई जनाउनेछ ।

(ञ) "छात्रवृत्ति" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्तिलाई जनाउनेछ ।

(ट) "खराब आचरण" भन्नाले परीक्षा समितिले खराब आचरण भनी तोकेको आचरणलाई जनाउनेछ ।

* *(संसोधन २०७८)*

## ३. छात्रवृत्ति कोषको स्थापना

(१) संस्थाले छात्रवृत्ति संचालन गर्नका लागि एउटा कोषको स्थापना गर्नेछ । उक्त कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हूनेछ ।

(क) परिषदले छात्रवृत्तिको लागि छुट्टयाएको रकम,

(ख) नेपाल सरकारबाट छात्रवृत्तिको लागि प्राप्त रकम,

***(ग) छात्रवृत्तिको लागि देश तथा बिदेशबाट प्राप्त अनूदान,**** *

(घ) छात्रवृत्तिका लागि संस्थाका सदस्य तथा कर्मचारीहरुबाट प्राप्त भएको रकम,

(ङ) छात्रवृत्तिका लागि विभिन्न व्यक्ति, कम्पनी, संघ संस्था आदिबाट प्राप्त रकम,

(च) कोषको रकम लगानीबाट प्राप्त भएको प्रतिफल,

(छ) छात्रवृत्तिका लागि प्राप्त भएका अन्य रकम,

(२) उपकार्यविधि १(ग) बमोजिम विदेशी अनूदान लिनू अघि नेपाल सरकारको अनूमति लिनूपर्नेछ ।

(३) देहाय बमोजिम कूनै संस्था वा व्यक्तिको नामबाट छात्रवृत्ति प्रदान गर्ने गरी छात्रवृत्ति कोष खडा गर्न सकिनेछ । ***त्यस्तो संस्था वा व्यक्ति यस संस्थाबाट कूनैपनि कारवाहीमा परेको हूनूहूदैंन ।***

(क) ***संस्थाको नाममा छात्रवृत्ति कोष खडा गर्दा कम्तीमा रु. १० लाख रुपैया जम्मा गर्नूपर्नेछ । ****

(ख) ***व्यक्तिको नाममा छात्रवृत्ति कोष खडा गर्दा कम्तीमा रु. ५ लाख रुपैया जम्मा गर्नूपर्नेछ । ****

(४) उपकार्यविधि (३) बमोजिमको कोषबाट प्रदान गरिने छात्रवृत्तिको नाम दाताले प्रस्ताव राखे बमोजिम हूनेछ । तर प्रस्तावित नाम उपयूक्त नभएको अवस्थामा उपसमितिले कोष संस्थापकसंग छलफल गरी निर्णय गरे बमोजिम हूनेछ ।

(५) उपकार्यविधि (४) बमोजिम कूनै संस्था वा व्यक्तिको नाममा छात्रवृत्ति कोष खडा गर्न प्रदान गरिएको रकम अक्षय कोषको रुपमा जम्मा गरिनेछ । यो रकमबाट प्राप्त प्रतिफलमा नबढाई उपसमितिद्वारा तोके बमोजिम छात्रवृत्ति प्रदान गर्न प्रयोग गरिनेछ । छात्रवृत्ति वितरण गरी बांकी रकम अक्षयकोषमा जम्मा गरिनेछ । अक्षयकोषको मुलधन कूनै पनि प्रकारले खर्च गरिने छैन ।

(६) उपकार्यविधि (३) बमोजिम स्थापना गरिएको छात्रवृत्ति कोषको रकम संस्थापकलाई कूनै पनि अवस्थामा फिर्ता गरिने छैन ।

(७) उपकार्यविधि (३) बमोजिम कूनै संस्था वा व्यक्तिले छात्रवृत्ति कोष स्थापना गर्न संस्था समक्ष प्रस्ताव पेश गरेमा प्रस्तावको उपयूक्तता मुल्यांकन गरी उपसमितिले सो सम्बन्धी प्रस्ताव स्वीकृत गरी संस्था र दाताको बीच अनूसुची १ बमोजिम सम्झौता गर्नूपर्नेछ ।

(८) उपकार्यविधि (७) बमोजिम सम्झौता भएको जानकारी परिषदलाई यथाशिघ्र गराउनू पर्नेछ ।

---

* *(संसोधन २०७८)*

## ४. छात्रवृत्ति कोषको संचालन

(क) छात्रवृत्ति कोषका लागि प्राप्त भएको सावां रकम उच्च प्रतिफल प्राप्त हूने गरी सूरक्षित क्षेत्रमा लगानी गर्नूपर्नेछ । सो लगानीबाट प्राप्त प्रतिफल रकम नेपालको कूनै पनि बैंक तथा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(ख) *खण्ड (क) बमोजिम कोषको खाता कार्यकारी निर्देशक वा कार्यकारी समितिले तोकेको व्यक्ति र लेखा तथा वित्त प्रमुखको संयूक्त हस्ताक्षरबाट संचालन हूनेछ ।* *

## ५. छात्रवृत्ति छनौट *उप समिति* *

(१) *छात्रवृत्ति छनौट उपसमितिका सदस्यहरु निम्न वमोजिम हूनेछन् ।**

| | |
|---|---|
| *निर्देशक – प्रशासन* | *संयोजक* |
| *प्रमूख – शिक्षा महाशाखा* | *सदस्य* |
| *प्रमूख – लेखा तथा वित्त महाशाखा* | *सदस्य* |
| *प्रमूख – विद्यार्थी मामिला शाखा* | *सदस्य सचिव* |

(२) छात्रवृत्ति छनौट उपसमितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कूनै विशेषज्ञलाई सो उपसमितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) छात्रवृत्ति छनौट उपसमितिले छात्रबृत्ति छनौटको आधार तथा कार्यविधि र वैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हूनेछ ।

## ६. छात्रवृत्ति छनौट उपसमितिको काम, कर्तव्य र अधिकार

छात्रवृत्ति छनौट उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हूनेछन् ।

(१) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।

(२) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरु बीच समन्वय कायम गर्ने ।

(३) छात्रवृत्तिको लागि प्राप्त आवेदक मध्येबाट उपयूक्त व्यक्ति छनौटका लागि परीक्षाको किसिम निर्धारण गर्ने र परीक्षा संचालन गर्ने ।

(४) छात्रवृत्ति कोषमा जम्मा भएको रकमको आधारमा प्रत्येक बर्ष छात्रवृत्तिको किसिम र संख्या निर्धारण गरि पुर्ण वा आंशिक छात्रवृत्ति प्रदान गर्ने ।

(५) छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको अध्ययन सम्बन्धी अवस्था समय समयमा मुल्यांकन गर्ने ।

(६) छात्रवृत्ति सम्बन्धी आवश्यक नीति नियम सम्बन्धमा परिषदमा सूझाव पेश गर्ने ।

(७) छात्रवृत्ति सम्बन्धमा परिषदले समय समयमा दिने निर्देशन पालना गर्ने ।

(८) छात्रवृत्ति सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था २०५३

---

* *(संसोधन २०७८)*

## ७. छात्रवृत्तिको किसिम

संस्थाले प्रदान गर्ने छात्रवृत्ति देहाय बमोजिम हूनेछ ।

(१) **पुर्ण छात्रवृत्ति :** पुर्ण छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको रजिष्ट्रेशन शूल्क शत प्रतिशत छूट हूनेछ ।

(२) **आंशिक छात्रवृत्ति :** आंशिक छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको रजिष्ट्रेशन शूल्क आंशिक छूट हूनेछ ।

(३) छात्रबृत्ति प्राप्त बिद्यार्थीलाई खण्ड (१) र (२) बाहेक छात्रवृति कोषको रकमबाट देहायको सूबिधा उपलब्ध गराउन सकिनेछ ।

(क) संस्थाबाट उपलब्ध गराउने भनी तोकिएका पाठ्यसामाग्रीहरु उपलब्ध गराउने।

(ख) संस्थाबाट प्रकाशित गरिएका अन्य शैक्षिक सामग्रीहरु उपलब्ध गराउने ।

(ग) संस्थाले संचालन गर्ने तयारी कक्षामा सहभागी गराउने ।

## ८. छात्रवृत्तिको लागि आवश्यक योग्यता र छनौट प्रक्रिया

(१) प्रत्येक शैक्षिक सत्रमा देहायका ब्यक्तिले छात्रवृत्तिको लागि दरखास्त दिन सक्नेछन्:

(क) चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत तह (चार्टर्ड एकाउन्टेन्टसी इजूकेशन फाउन्डेशन लेभल) मा अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट उच्च माध्यमिक तह वा प्रविणता प्रमाणपत्र तहमा ५० (पचास) प्रतिशत वा सो भन्दा वढी प्रतिशत अंक ल्याई उत्तिर्ण गरेका विद्यार्थीहरु ।

(ख) चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तह (चार्टर्ड एकाउन्टेन्टसी इजूकेशन इन्टरमिडियट लेभल) मा अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर तहमा वा संस्थाले संचालन गरेको चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत तह (चार्टर्ड एकाउन्टेन्टसी इजूकेशन फाउन्डेशन लेभल) परीक्षामा ५० (पचास) प्रतिशत अंक ल्याई उत्तिर्ण गरेका विद्यार्थीहरु ।

(ग) नियमानूसार चार्टर्ड एकाउन्टेन्सी शिक्षा अन्तिम तह (चार्टर्ड एकाउन्टेन्सी इजूकेशन फाइनल लेभल) मा अध्ययन गर्नका लागि योग्य विद्यार्थीहरु ।

(घ) कूनै ब्यक्ति गरीव तथा जेहेन्दार अन्तर्गत पर्ने हो होइन भन्ने कूराको निर्णय छात्रवृत्ति छनौट उपसमितिले गर्नेछ ।

(२) प्रत्येक शैक्षिक सत्रमा प्राप्त निवेदकहरुलाई देहाय अनूसारको संख्यामा परीक्षाको आधारमा छनौट गरी छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(क) ***संस्थाले प्रदान गर्ने छात्रवृत्ति कोषमा जम्मा भएको रकमको आधारमा छात्रबृत्ति प्रदान गरिने बिद्यार्थीको संख्या निर्धारण गरी सो संख्याको २० प्रतिशत योग्यताका आधारमा जेहेन्दार विद्यार्थीका लागी, ४० प्रतिशत संख्या योग्यताका आधारमा आर्थिक रुपमा पिछडिएका विद्यार्थीका लागी र बांकी ४० प्रतिशत योग्यताका आधारमा आर्थिक,***

*सामाजिक भौगोलिक, शारिरिक, लैगिक तथा अन्य रुपमा पिछडिएका विद्यार्थीका लागी उपलब्ध गराउनू पर्नेछ ।* *

(ख) गरीवको कोटामा छात्रवृत्तिका लागि उम्मेदवार हूने व्यक्तिले सो को पूष्ट्याईं हूने कागजातहरु आवेदनसाथ पेश गर्नू पर्नेछ ।

(ग) अन्य बिद्यार्थीलाई उपलब्ध गराउने कोटामा महिला छात्राको आवेदन परेमा कम्तिमा एक छात्रवृत्ति महिलाको लागि आरक्षित गरिनेछ ।

**नोट उत्कृष्ट विद्यार्थी भन्नाले राष्ट्रिय परिक्षा वोर्डको परिक्षामा कम्तिमा ९० प्रतिशत वा CGPA ३.६ वा A+ प्राप्त गरि उर्त्तिण भएको विद्यार्थी र विश्वविद्यालयको परिक्षाको हकमा कम्तिमा ८० प्रतिशत वा सो सरह प्राप्त गरि उर्त्तिण भएको विद्याथी सम्झनू पर्दछ ।**

९. छात्रवृत्तिको लागि अयोग्यता

देहायका व्यक्तिहरुले छात्रवृत्ति प्राप्त गर्न योग्य हूने छैनन् ।

*(क) नैतिक पतन देखिने फौजदारी अपराधमा कसुरदार ठहरी सजाय पाएको व्यक्ति ।* *

(ख) गैर नेपाली नागरिक ।

(ग) दरखास्त दिने अन्तिम दिनमा ४५ वर्ष उमेर पुरा भएको व्यक्ति ।

(घ) छात्रवृत्ति सम्बन्धी संस्थाले तोकेको आचरण उल्लघंन गरेको अभियोगमा कारवाहीमा परेको व्यक्ति ।

(ङ) कार्यविधि नं. ८ बमोजिमको शैक्षिक योग्यता नपूगेको व्यक्ति ।

(च) यस अघि संस्थाबाट सोही तहका लागि प्रदान गरेको छात्रवृत्ति प्राप्त गरी सकेको व्यक्ति ।

१०.सार्वजनिक रुपमा सुचना प्रकाशित गर्नूपर्ने

(१) यस कार्यविधि बमोजिम छात्रवृत्ति उपलब्ध गराउनू अघि प्रत्येक सत्रमा संस्थाले त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन नेपालबाट प्रकाशित हूने कूनै एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा ३० दिनको सुचना प्रकाशित गरी अनूसुची २ को ढांचामा दरखास्त आव्हान गर्नूपर्नेछ । सो सुचना संस्थाको वेव साइटमा समेत राखिनेछ ।

(२) उपकार्यविधि १ बमोजिम दरखास्त आव्हान गर्दा प्रर्याप्त दरखास्त प्राप्त नभएको भन्ने उपसमितिलाई लागेमा पून: दरखास्त आव्हान गर्न सकिनेछ । पून: दरखास्त आव्हान गर्दा आवेदन दिने अवधि उपसमितिले निर्धारण गरे बमोजिम हूनेछ ।

११. बैकल्पिक उम्मेदवारले छात्रवृत्ति पाउने

छात्रवृत्तिका लागि छनौट भएका बिद्यार्थीको नामावली राष्ट्रिय स्तरको दैनिक पत्रिका ***वा संस्थाको वेबसाइट****मा प्रकाशित गरिनूको साथै नीजको ठेगानामा सम्पर्क गरिनेछ । नामावली

* *(संसोधन २०७८)*

* *(संसोधन २०७८)*

प्रकाशित भएको मितिले १५ दिन भित्रमा संस्थामा सम्पर्क गर्न नआएमा निजको सट्टा बैकल्पिक बिद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

१२. <u>कबूलियत गर्नूपर्ने</u>

(१) छात्रवृत्तिका लागि छनौट भएको बिद्यार्थीले अनूसुची ३ बमोजिमको ढांचामा कबूलियत गरी संस्थामा बूझाउनू पर्नेछ ।

(२) तोकिएको समय भित्र कबूलियत नगर्ने बिद्यार्थीको नाम छात्रवृत्तिको सुचिबाट हटाई बैकल्पिक बिद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

१३. <u>छात्रवृत्ति रद्ध हूने</u>

(१) देहायको अवस्थामा उपसमितिले कूनै ब्यक्तिले प्राप्त गरेको छात्रवृत्ति रद्ध गर्न सक्नेछ ।

(क) लगातार दूई पटकसम्म योग्यता परीक्षामा अनूत्तीर्ण भएमा,

(ख) छात्रवृत्ति प्राप्त गरेको मितिले लगातार दूई पटकसम्म मनासिब कारण वेगर कूनै पनि योग्यता परीक्षामा सामेल नभएमा,

(ग) विदेशी चार्टर्ड एकाउन्टेन्सी संस्थामा भर्ना भई चार्टर्ड एकाउन्टेन्सी शिक्षा लिई राखेको प्रमाणित भएमा ।

(घ) छात्रवृत्ति प्राप्त व्यक्तिले परीक्षामा खराब आचरण देखाएको भनी परीक्षा समितिले लिखित रुपमा समितिमा जानकारी दिएमा,

(ङ) संस्थाको ऐन, नियम एवं निर्देशन पालना नगरेमा वा संस्थाको हित विपरीतको काममा संलग्न भएको प्रमाणित भएमा,

(च) संस्था समक्ष झूट्टा विवरण पेश गरेको प्रमाणित भएमा ।

(२) उपकार्यविधि १(घ) बमोजिम परीक्षामा खराव आचरण गर्ने वा उपकार्यविधि १(च) बमोजिम संस्थाको अहितमा काम गरेका विद्यार्थीहरुको छात्रवृत्ति उपसमितिले छात्रवृत्तिको अवधि समाप्त हूनू अगावै जहिलेसूकै रद्द गर्न सक्नेछ । तर रद्द गर्नू भन्दा अगाडि निजलाई सफाइको मौका प्रदान गरिनेछ ।

१४. <u>विविध</u>

(क) छात्रवृत्ति प्राप्त विद्यार्थी आधारभुत र मध्यम तहको हकमा योग्यता परीक्षा पास गरेको मितिले २ बर्ष भित्र र अन्तिम तहको हकमा पहिलो पटकको परीक्षामा सामेल भएको मितिले २ बर्ष ६ महिना भित्र उत्तिर्ण हून नसकी निजले पून: भर्ना भएको अवस्थामा त्यस्तो विद्यार्थीलाई पून: छात्रवृत्ति उपलव्ध गराइने छैन ।

(ख) कूनै विद्यार्थीले कूनै पनि तहमा पुर्ण वा आंशिक छात्रवृत्ति प्राप्त गरेमा सो छात्रवृत्ति उक्त तहमा मात्र लागु हूनेछ। तर नीजले खण्ड (क) मा तोकिएको मिति भित्र उत्तिर्ण हून नसकेको अवस्थामा यो खण्ड लागु हूने छैन ।

(ग) कूनै विद्यार्थीले झूट्टा विवरण पेश गरी छात्रवृत्ति प्राप्त गरेको प्रमाणित भएमा निजको छात्रवृत्ति कार्यविधि नं. १३(१)(च) बमोजिम रद्ध गरी निजलाई छात्रवृत्ति उपलव्ध गराउंदा लागेको खर्च संस्थाले निजको घर घरानाबाट असूल उपर गराउन सक्नेछ । यस सम्बन्धी निर्णय परिषदले गर्नेछ ।

(घ) छात्रवृत्ति सम्बन्धी प्रशासनिक कार्यको सम्पुर्ण खर्च संस्थाले प्रशासनिक खर्चको लागि छूट्टयाएको बजेटबाट व्यहोरिने छ ।

(ङ) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ संग बाभिएका कार्यविधिहरु बाभिएको हदसम्म स्वत: निष्क्रिय हूनेछन् ।

(च) ***कूनै विद्यार्थीले कूनै एक समूह अन्तर्गत मात्र छात्रवृत्ति प्राप्त गर्न सक्नेछ।*** *

१५. <u>अनूसुचीमा हेरफेर गर्न सक्ने</u>

उपसमितिले यस कार्यविधिमा तोकिएका अनूसुचीहरु परिमार्जन, संशोधन, थपघट र हेरफेर गर्न सक्नेछ ।

१६. <u>कार्यविधि संशोधन/व्याख्या तथा बाधा अड्काउ फूकाउने</u>

यस कार्यविधिको संशोधन, व्याख्या तथा बाधा अड्काउ फूकाउने अधिकार परिषदमा निहित हूनेछ ।

---

* *(संसोधन २०७८)*

**अनुसूची - १**

**(कार्यविधि ३ (७) संग सम्बन्धित)**

**दाता र संस्था बीच छात्रवृत्ति कोष स्थापनाको सम्झौता पत्र**

लिखितम्.................................बस्ने/स्थित.............................. (यस पछि सहयोगदाता भनिनेछ) तथा ....................................................................................... स्थित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्ति संस्थाका कार्यकारी निर्देशक ........................... (यस पछि संस्था भनिनेछ) बीच चार्टर्ड एकाउन्टेन्सी शिक्षा अध्ययन गर्ने बिद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ति कोषमा सहयोग गर्नका लागि सहयोगदाताले इच्छा व्यक्त गर्नू भई प्रस्ताव पेश गर्नू भएको र संस्थाले सहयोगदाताको प्रस्तावलाई स्वीकार गरेकाले सो कूरालाई नियमित गर्नका लागि देहायका शर्तहरुको अधिनमा रही आपसी समझदारीको आधारमा संस्थाको कार्यालयमा बसी तपसीलका साक्षीहरुको रोहवरमा आजैका मिति देखि लागु हूने गरी यो सम्झौतापत्र सम्पन्न गरिएको छ ।

**शर्तहरु:**

१. सहयोगदाताले संस्थाको छात्रवृतिकोषका लागि आजैका मितिमा रु. ............ ( अक्षरेपी ...............) एकमूष्ठ रकम संस्थालाई प्रदान गरेको छ र संस्थाले उक्त रकम आजैका मितिमा बूझिलिएको छ ।

२. शर्त नं. १ बमोजिम सहयोगदाताले संस्थालाई प्रदान गरेको रकम अक्षयकोषको रुपमा राखिनेछ । यस कोषको नाम "............... छात्रबृत्ति कोष" रहनेछ ।

३. शर्त नं. २ बमोजिमको छात्रवृत्तिकोषमा सहयोगदाताले संस्थाको स्वीकृतीमा भविष्यमा रकम थप गर्न सक्नेछ ।

४. छात्रवृत्ति कोषका लागि सहयोगदाताबाट प्राप्त भएको शर्त नं. १ बमोजिमको मुलधन संस्थाले उच्च प्रतिफल प्राप्त हूने गरी सूरक्षित क्षेत्रमा लगानी गर्नेछ ।

५. यस सम्झौता बमोजिम सहयोगदाताबाट प्राप्त छात्रवृति कोषको मूलधन संस्थाले कूनै पनि प्रकारले कूनै पनि अवस्थामा खर्च गर्ने छैन । उक्त मुलधनबाट प्राप्त आर्जित रकम संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत, मध्यम तथा अन्तिम तहमा अध्ययन गर्ने बिद्यार्थीहरुलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, छात्रवृत्ति कार्यविधि, २०६३ (संसोधन सहित) बमोजिम पुर्ण वा आंशिक छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि खर्च गरिनेछ ।

६. यस सम्झौतापत्र बमोजिम सहयोगदाताले छात्रवृत्ति कोषमा रकम जम्मा गरिसकेपछि छात्रवृत्ति कोषमा सहयोगदाताको कूनै पनि हक लाग्ने छैन ।

७. यस सम्झौता पत्रमा उल्लेखित बिषयहरु यसै सम्झौता बमोजिम र यस सम्झौता पत्रमा उल्लेख नभएका बिषयहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, छात्रवृत्ति कार्यविधि, २०६३ (संसोधन सहित) तथा प्रचलित कानुन बमोजिम हूनेछ ।

सहयोगदाताको तर्फबाट

हस्ताक्षर:

नाम :

ठेगाना:

संस्थाको तर्फबाट

हस्ताक्षर :

नाम:

पद: कार्यकारी निर्देशक

संस्थाको छाप:

<u>साक्षी</u>

हस्ताक्षर...................

नाम:

ठेगाना:

<u>साक्षी</u>

हस्ताक्षर...................

नाम:

ठेगाना:

इति सम्वत २०.........साल.............महिना.........गते.................... रोज शूभम् ।

अनुसूची - २ (क)
(कार्यविधि १०(१) संग सम्बन्धित)

## शैक्षिक योग्यताका आधारमा दिइने जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति दरखास्त फाराम

श्रीमान् सभापति ज्यू
छात्रवृत्ति छनौट उपसमिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोबाटो, ललितपुर ।

| फोटोमा पर्ने गरी आवेदकको हस्ताक्षर |
|---|

विषय : चार्टर्ड एकाउन्टेन्सी शिक्षा ..................... तहको लागि छात्रवृत्ति पाउँ भन्ने सम्बन्धमा ।

महोदय,

म ...................................... को नाति/नातिनी ................................................... को छोरा/छोरी ................................................ नाम भएको ................................................ ठेगाना भएको विद्यार्थी चार्टर्ड एकाउन्टेन्सी शिक्षा ........... तहमा भर्ना भई अध्ययन गर्ने इच्छा भएको/भर्ना भएको र संस्थाले इच्छुक व्यक्तिबाट छात्रवृत्तिका लागि दरखास्त आव्हान गरेकोले आवश्यक कागजातहरु सहित छात्रवृत्तिका लागि यो निवेदन पेश गरेको छु । मेरो व्यक्तिगत, शैक्षिक एवं आर्थिक विवरणहरु यसै साथ भरेर पेश गरेको छु ।

भवदीय,

.................................
नाम :

मोबाइल नं. :

रजिष्ट्रेशन नं.(अध्ययनरत विद्यार्थीको लागि मात्र) :

क) व्यक्तिगत विवरण :

१. आवेदकको नाम: देवनागरीमा :

अंग्रेजीमा :

२. आवेदकको ठेगाना:

क) <u>जन्मस्थान:</u> जिल्ला: गा.पा./न.पा.: वडा नं:

टोल :

ख) <u>स्थायी ठेगाना:</u> जिल्ला: गा.पा./न.पा.: वडा नं:

टोल :

ग) <u>पत्राचार ठेगाना:</u> जिल्ला: गा.पा./न.पा.: वडा नं :

टोल : हुलाक : पो.ब.नं.: फोन नं.:

मोबाइल नं. : इमेल ठेगाना:

३. जन्म मिति : वि.सं. : ............. साल .......... महिना .......... गते

ई.सं. : ................साल ............ महिना .......... गते

४. लिङ्ग : .................... जात : ..................... हुलिया : ........................

५. शारीरिक अवस्था : ............................

६. बाबुको नाम : पेशा :

७. आमाको नाम : पेशा :

८. अभिभावकको नाम : पेशा :

ठेगाना :

ख) शैक्षिक विवरण :

| | अध्ययन गरेको तह | अध्ययन गरेको शैक्षिक संस्थाको नाम | परीक्षा लिने संस्था | परीक्षा पास गरेको मिति | विषय / संकाय | प्राप्तांक | प्राप्तांक प्रतिशत वा ग्रेड |
|---|---|---|---|---|---|---|---|
| १ | एस्. इ. इ. वा सो सरह | | | | | | |
| २ | प्रविणता/दश जोड दुई वा सो सरह | | | | | | |
| ३ | स्नातक | | | | | | |
| ४ | स्नातकोत्तर | | | | | | |
| ५ | सि.ए. फाउण्डेशन (इन्टरमिडिएटको लागि मात्र) | | | | | | |
| ६ | अन्य | | | | | | |
| ७ | हाल अध्ययन गर्दै भएको भए | | | | | | |

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ICAN २०५३

ग) आवेदकले भर्ने :

माथि उल्लेखित विवरणहरु साँचो छन् । कुनै विवरण लुकाएको वा बढाईचढाई गरेको छैन । मैले कुनै नैतिक पतन हुने फौज्दारी अपराधमा सजाय पाएको छैन/सजाय पाई भुक्तान भएको मितिले १ वर्ष समाप्त भइ सकेको छ । मैले संस्थाको ऐन, नियम, कानुनको उल्लंघन गरी कुनै सजाय पाएको छैन । कार्यविधि १४(क) बमोजिम अयोग्य छैन । छात्रवृत्ति पाएमा तोकिएका ऐन, नियमको पालना गर्ने छु । मेरो विवरण झुट्टा ठहरे मैले प्राप्त गरेको छात्रवृत्ति रद्द भएमा मलाई संस्थाबाट छात्रवृत्ति उपलब्ध गराउँदा लागेको खर्च रकम बुझाउन तयार छु ।

निवेदकको हस्ताक्षर :

औंठाको सही छाप

मिति :

**निवेदनमा संलग्न हुनु पर्ने कागजातहरु :**

१. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. एस्. इ. इ. वा सो सरहको तह देखिका सबै शैक्षिक तहका ट्रान्सक्रृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

३. संलग्न गरिएका प्रमाणपत्रको प्रतिलिपिहरु स्वयम्ले प्रमाणित गर्नु पर्ने छ र निवेदकहरु मध्ये छात्रवृत्ति छनौटमा परेका विद्यार्थीहरुले कबुलियतनामा भर्नु अघि संलग्न गरिएका प्रमाणपत्रको प्रतिलिपिहरु नोटरीबाट प्रमाणित गर्नु पर्ने छ ।

छात्रवृत्ति छनौट उपसमितिले भर्ने :

..........
सचिव

मिति :

---

निर्णय :

---

अनुसूची - २ (ख)
(कार्यविधि १०(१) संग सम्बन्धित)

## शैक्षिक योग्यताका आधारमा दिइने आर्थिक रुपमा विपन्न विद्यार्थीका लागि छात्रवृत्ति दरखास्त फाराम

श्रीमान् सभापति ज्यू
छात्रवृत्ति छनौट उपसमिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोबाटो, ललितपुर ।

| फोटोमा पर्ने गरी आवेदकको हस्ताक्षर |
|---|

**विषय : चार्टर्ड एकाउन्टेन्सी शिक्षा ..................... तहको लागि छात्रवृत्ति पाउँ भन्ने सम्बन्धमा ।**

महोदय,

म ...................................... को नाति/नातिनी ................................................... को छोरा/छोरी............................................... नाम भएको ............................................... ठेगाना भएको विद्यार्थी चार्टर्ड एकाउन्टेन्सी शिक्षा ........... तहमा भर्ना भई अध्ययन गर्ने इच्छा भएको/भर्ना भएको र संस्थाले इच्छुक व्यक्तिबाट छात्रवृत्तिका लागि दरखास्त आव्हान गरेकोले आवश्यक कागजातहरु सहित छात्रवृत्तिका लागि यो निवेदन पेश गरेको छु । मेरो व्यक्तिगत, शैक्षिक एवं आर्थिक विवरणहरु यसै साथ भरेर पेश गरेको छु ।

भवदीय,

..................................
नाम :

मोबाइल नं. :

रजिष्ट्रेशन नं.(अध्ययनरत विद्यार्थीको लागि मात्र) :

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ICAN २०५३

क) व्यक्तिगत विवरण :

१. आवेदकको नाम: देवनागरीमा :

अंग्रेजीमा :

२. आवेदकको ठेगाना:

क) जन्मस्थान: जिल्ला: गा.पा./न.पा.: वडा नं:
टोल :

ख) स्थायी ठेगाना: जिल्ला: गा.पा./न.पा.: वडा नं:
टोल :

ग) पत्राचार ठेगाना: जिल्ला: गा.पा./न.पा.: वडा नं :
टोल : हुलाक : पो.ब.नं.: फोन नं.:
मोबाइल नं. : इमेल ठेगाना:

३. जन्म मिति : वि.सं. : .............. साल ........... महिना .......... गते
ई.सं. : ................साल ............ महिना .......... गते

४. लिङ्ग : .................... जात : ..................... हुलिया : ........................

५. शारीरिक अवस्था : ............................

६. बाबुको नाम : पेशा :

७. आमाको नाम : पेशा :

८. अभिभावकको नाम : पेशा :
ठेगाना :

ख) शैक्षिक विवरण :

| | अध्ययन गरेको तह | अध्ययन गरेको शैक्षिक संस्थाको नाम | परीक्षा लिने संस्था | परीक्षा पास गरेको मिति | विषय / संकाय | प्राप्तांक | प्राप्तांक प्रतिशत वा ग्रेड |
|---|---|---|---|---|---|---|---|
| १ | एस्. इ. इ. वा सो सरह | | | | | | |
| २ | प्रविणता/दश जोड दुई वा सो सरह | | | | | | |
| ३ | स्नातक | | | | | | |
| ४ | स्नातकोत्तर | | | | | | |
| ५ | सि.ए. फाउण्डेशन (इन्टरमिडिएटको लागि मात्र) | | | | | | |
| ६ | अन्य | | | | | | |
| ७ | हाल अध्ययन गर्दै भएको भए | | | | | | |

ग) परिवारका सदस्यहरुको संख्या, पेशा र उक्त पेशाबाट हुने वार्षिक आयको विवरण

| नाता | संख्या | पेशा | वार्षिक आय रु. | नाता | संख्या | पेशा | वार्षिक आय रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बुबा | | | | सगोलको दाजु | | | | |
| आमा | | | | सगोलको भाइ | | | | |
| श्रीमान/श्रीमती | | | | सगोलको अविवाहित दिदी | | | | |

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
२०५३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सगोलको छोरा/छोरी | | | | सगोलको अविवाहित बहिनी | | | | |
| निवेदक | | | | अन्य | | | | |
| **जम्मा** | | | | **जम्मा** | | | | |
| **कुल जम्मा** | | | | | | | | |

**घ) आवेदकले भर्ने :**

माथि उल्लेखित विवरणहरु सांचो छन् । कुनै विवरण लुकाएको वा बढाईचढाई गरेको छैन । मैले कुनै नैतिक पतन हुने फौज्दारी अपराधमा सजाय पाएको छैन/सजाय पाई भुक्तान भएको मितिले १ वर्ष समाप्त भइसकेको छ । मैले संस्थाको ऐन, नियम, कानुनको उल्लंघन गरी कुनै सजाय पाएको छैन । कार्यविधि १४ (क) बमोजिम अयोग्य छैन । छात्रवृत्ति पाएमा तोकिएका ऐन, नियमको पालना गर्ने छु । मेरो विवरण झुट्टा ठहरे मैले प्राप्त गरेको छात्रवृत्ति रद्द भएमा मलाई संस्थाबाट छात्रवृत्ति उपलब्ध गराउँदा लागेको खर्च रकम बुझाउन तयार छु ।

निवेदकको हस्ताक्षर :

मिति :

**औंठाको सही छाप**

**निवेदनमा संलग्न हुनु पर्ने कागजातहरु :**

१. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. एस्. इ. इ. वा सो सरह तह देखिका सबै शैक्षिक तहका ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. स्थानीय निकायबाट परिवारको आर्थिक अवस्था प्रमाणित गरिएको सक्कल कागजात ।
४. संलग्न गरिएका प्रमाणपत्रको प्रतिलिपिहरु स्वयमले प्रमाणित गर्नु पर्ने छ र निवेदकहरु मध्ये छात्रवृत्ति छनौटमा परेका विद्यार्थीहरुले कबुलियतनामा भर्नु अघि संलग्न गरिएका प्रमाणपत्रको प्रतिलिपिहरु नोटरीबाट प्रमाणित गर्नु पर्ने छ ।

छात्रवृत्ति छनौट उपसमितिले भर्ने :

..........
सचिव

मिति :

---

निर्णय :

---

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
२०५३

अनुसूची – २ (ग)
(कार्यविधि १०(१) संग सम्बन्धित)

**शैक्षिक योग्यताका आधारमा दिइने सामाजिक, भौगोलिक, शारीरिक तथा अन्य रुपमा पिछडिएका आर्थिक रुपमा विपन्न विद्यार्थीका लागि छात्रवृत्ति दरखास्त फाराम**

| |
|---|
| फोटोमा पर्ने गरी आवेदकको हस्ताक्षर |

श्रीमान् सभापति ज्यू
छात्रवृत्ति छनौट उपसमिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोबाटो, ललितपुर ।

विषय : चार्टर्ड एकाउन्टेन्सी शिक्षा ..................... तहको लागि छात्रवृत्ति पाउँ भन्ने सम्बन्धमा ।

महोदय,

म ...................................... को नाति/नातिनी .................................................... को छोरा/छोरी ................................................ नाम भएको ................................................ ठेगाना भएको विद्यार्थी चार्टर्ड एकाउन्टेन्सी शिक्षा ........... तहमा भर्ना भई अध्ययन गर्ने इच्छा भएको/भर्ना भएको र संस्थाले इच्छुक व्यक्तिबाट छात्रवृत्तिका लागि दरखास्त आव्हान गरेकोले आवश्यक कागजातहरु सहित छात्रवृत्तिका लागि यो निबेदन पेश गरेको छु । मेरो व्यक्तिगत, शैक्षिक एवं आर्थिक विवरणहरु यसै साथ भरेर पेश गरेको छु ।

भवदीय,

...............................
आवेदकको नाम :

मोबाइल नं. :

रजिष्ट्रेशन नं.(अध्ययनरत विद्यार्थीको लागि मात्र) :

क) व्यक्तिगत विवरण :

१. आवेदकको नाम: देवनागरीमा :

अंग्रेजीमा :

२. आवेदकको ठेगाना:

क) जन्मस्थान जिल्ला: गा.पा./न.पा.: वडा नं:

टोल :

ख) स्थायी ठेगाना जिल्ला: गा.पा./न.पा.: वडा नं:

टोल :

ग) पत्राचार ठेगाना जिल्ला: गा.पा./न.पा.: वडा नं :

टोल : हुलाक : पो.ब.नं.: फोन नं.:

मोबाइल नं. : इमेल ठेगाना:

३. जन्म मिति : वि.सं. : ............. साल .......... महिना .......... गते

ई.सं. : ................साल ............ महिना .......... गते

४. लिङ्ग : .................... जात : ..................... हुलिया : ........................

५. शारीरिक अवस्था : ............................

६. बाबुको नाम : पेशा :

७. आमाको नाम : पेशा :

८. अभिभावकको नाम : पेशा :

ठेगाना :

ख) शैक्षिक विवरण :

| | अध्ययन गरेको तह | अध्ययन गरेको शैक्षिक संस्थाको नाम | परीक्षा लिने संस्था | परीक्षा पास गरेको मिति | विषय / संकाय | प्राप्तांक | प्राप्तांक प्रतिशत वा ग्रेड |
|---|---|---|---|---|---|---|---|
| १ | एस्. इ. इ. वा सो सरह | | | | | | |
| २ | प्रविणता/दश जोड दुई वा सो सरह | | | | | | |
| ३ | स्नातक | | | | | | |
| ४ | स्नातकोत्तर | | | | | | |
| ५ | सि.ए. फाउण्डेशन (इन्टरमिडिएटको लागि मात्र) | | | | | | |
| ६ | अन्य | | | | | | |
| ७ | हाल अध्ययन गर्दै भएको भए | | | | | | |

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३

ग) परिवारका सदस्यहरुको संख्या, पेशा र उक्त पेशाबाट हुने वार्षिक आयको विवरण:

| नाता | संख्या | पेशा | वार्षिक आय रु. | नाता | संख्या | पेशा | वार्षिक आय रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बुबा | | | | सगोलको दाजु | | | | |
| आमा | | | | सगोलको भाइ | | | | |
| श्रीमान/श्रीमती | | | | सगोलको अविवाहित दिदी | | | | |
| सगोलको छोरा/छोरी | | | | सगोलको अविवाहित बहिनी | | | | |
| निवेदक | | | | अन्य | | | | |
| जम्मा | | | | जम्मा | | | | |
| कुल जम्मा | | | | | | | | |

घ) शारीरिक रुपमा अशक्त हुनु हुन्छ ?

(१) छ ☐ (२) छैन ☐

यदि हुनु हुन्छ भने कस्तो प्रकारको शारीरिक अशक्तता हो खुलाउनु होला ..........................................

ङ) तपाईंको स्थायी ठेगाना निम्न मध्ये कुनमा पर्छ ?

क. ☐ ख. ☐ ग. ☐ घ. ☐ ङ ☐

| | |
|---|---|
| क | • मनाङ<br>• कालिकोट<br>• मुगु<br>• डोल्पा<br>• हुम्ला<br>• बाजुरा |
| ख | • ताप्लेजुङ्को धुन्सा ओलाङचुङगोला यसमा पर्ने गाउँपालिकाहरु<br>• संखुवासभाको चेपुवा, हेदाङ्ना, किमाथांका, स्याकसिला, वालुङ र सिमाजोर गाउँपालिकाहरु<br>• सोलुखुम्बुको खोम्जुङ, नाम्चे र चौरीखर्क गाउँपालिका<br>• दोलखा जिल्लाको गोगर गाउँपालिका<br>• रसुवा जिल्लाको टिमुर गाउँपालिका<br>• गोरखा जिल्लाको सिदिवास, प्रोक, लोहा, केरोजा, छेकाम्पार र मान्बु गाउँपालिका<br>• बाग्लुङ जिल्लाको बोडाग, निसि, हुकाम, रम्मा, मेकोट र टेकवाछी गाउँपालिका<br>• मुस्ताङ<br>• जुम्ला<br>• बजाङ<br>• डोटी जिल्लाको खप्तड जडीबुटी उद्यानको ९०० फिटभन्दा उचाईको भाग<br>• दार्चुला |
| ग | • रुकुम<br>• जाजरकोट<br>• दैलेख<br>• अछाम |
| घ | • ताप्लेजुङ जिल्लाको ख वर्गमा परेको गाउँपालिकाहरु देखि बाहेक अन्य गाउँपालिका<br>• भोजपुर जिल्ला |

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३

| | |
|---|---|
| | • तेह्रथुम जिल्ला<br>• संखुवासभा जिल्लाको ख वर्गमा परेका गाउंपालिकाहरु देखि बाहेक अन्य<br>• खोटाङ जिल्ला<br>• ओखलढुङ्गा जिल्ला<br>• सोलुखुम्बु जिल्लाका ख वर्गमा परेका गाउंपालिकाहरु देखि बाहेक अन्य गाउंपालिकाहरु<br>• धादिङ जिल्लाको बुडाथुम, लापा, फूलखर्क, रिगाउं, सलयानकोट र सल्यानटार गाउंपालिका<br>• सिन्धुपाल्चोक जिल्लाको बराम्चो, वरुवा, मौताडा, वीरता ,गोलदे, गुनसा, गुवा, किउल, लिस्टिकोट, महांकाल, पागताग, फुल्पिङकटी, धागपालकोट र टिसुनठगल टिनस ध्यागल गाउंपालिका<br>• लमजुङ्ग जिल्लाको बाहुनडांडा महेन्द्रोदय, श्रीकाली काताधी, ठुलीवेसी पटाङ्गा र ठाकन फालिकादेवी<br>• म्याग्दी<br>• रोल्पा<br>• सल्यान<br>• प्युठान जिल्ला<br>• डोटी जिल्लाको ख वर्गमा परेका क्षेत्र बाहेक अन्य बाकी क्षेत्रहरु<br>• डडेलधुरा जिल्ला<br>• वैतडी जिल्ला |
| ङ | • पांचथर<br>• धनकुटा<br>• रामेछाप<br>• दोलखा<br>• रसुवा जिल्लाका ख वर्गमा परेका गाउंपालिकाहरु देखि बाहेक अन्य गाउंपालिकाहरु<br>• सिन्धुपाल्चोक जिल्लाका घ वर्गमा परेका गाउंपालिकाहरु देखि बाहेक अन्य गाउंपालिकाहरु<br>• धादिङ जिल्लाको घ वर्गमा परेका गाउंपालिकाहरु देखि बाहेक अन्य गाउंपालिकाहरु<br>• लमजुङ जिल्लाका घ वर्गमा परेका गाउंपालिकाहरु देखि बाहेक अन्य गाउंपालिकाहरु<br>• गोरखा जिल्लाका ख वर्गमा परेका गाउंपालिकाहरु देखि बाहेक अन्य गाउंपालिकाहरु<br>• गुल्मी<br>• अर्घखांची<br>• पर्वत<br>• वागलुङ जिल्लाको ख वर्गमा परेका गाउंपालिकाहरु देखि बाहेक अन्य गाउंपालिकाहरु |

**च) के तपाईं अध्ययन गरेको विद्यालय/कलेज सरकारी/सामुदायिक हो ?**

(१) हो ☐ (२) होइन ☐

**छ) आवेदकले भर्ने :**

माथि उल्लेखित विवरणहरु सांचो छन् । कुनै विवरण लुकाएको वा बढाईचढाई गरेको छैन । मैले कुनै नैतिक पतन हुने फौज्दारी अपराधमा सजाय पाएको छैन/सजाय पाई भुक्तान भएको मितिले १ वर्ष समाप्त भइ सकेको छ । मैले संस्थाको ऐन, नियम, कानुनको उल्लंघन गरी कुनै सजाय पाएको छैन । कार्यविधि १४(क) बमोजिम अयोग्य छैन । छात्रवृत्ति पाएमा तोकिएका ऐन, नियमको पालना गर्ने छु । मेरो विवरण झुट्टा ठहरे मैले प्राप्त गरेको छात्रवृत्ति रद्द भएमा मलाई संस्थाबाट छात्रवृत्ति उपलब्ध गराउदा लागेको खर्च रकम बुझाउन तयार छु ।

निवेदकको हस्ताक्षर :

औंठाको सही छाप

मिति :

| | |
|---|---|
| | |

**निवेदनमा संलग्न हुनु पर्ने कागजातहरु :**

१. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. एस्. इ. इ. वा सो सरह तह देखिका सबै शैक्षिक तहका ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

३. स्थानीय निकायबाट परिवारको आर्थिक अवस्था प्रमाणित गरिएको सक्कल कागजात ।

४. सरकारी/सामुदायिक विद्यालय/कलेजमा अध्ययन गरेका विद्यार्थीहरुले उत्त विद्यालय/कलेज सरकारी/सामुदायिक हो भन्ने कुराको प्रमाणित गरिएको सक्कल कागजात ।

५. शारीरिक रुपमा अशक्त हो भन्ने खुलाउने कागजातको प्रमाणित प्रतिलिपि ।

६. संलग्न गरिएका प्रमाणपत्रको प्रतिलिपिहरु स्वयमले प्रमाणित गर्नु पर्ने छ र निवेदकहरु मध्ये छात्रवृत्ति छनौटमा परेका विद्यार्थीहरुले कबुलियतनामा भर्नु अघि संलग्न गरीएका प्रमाणपत्रको प्रतिलिपिहरु नोटरीबाट प्रमाणित गर्नु पर्ने छ ।

छात्रवृत्ति छनौट उपसमितिले भर्ने :

..........
सचिव                                                  मिति :

---

निर्णय :

---

अनूसुची ३

(कार्यविधि नं. १२ संग सम्बन्धित)

# कबूलियतनामा

श्री............................................ को नाति/नातिनी श्री................ ........... ................... को छोरा/छोरी ............................................... बस्ने ................बर्ष ............... को म ............................................... **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी शिक्षा ..........................**

तहमा अध्ययन गर्नको लागि मिति ................................ मा छात्रवृत्तिमा छनौट भएकोले हूंदा इमानदारी तथा लगनशिलताका साथ अध्ययन कार्य गर्नेछु । मैले यस संस्थामा पेश गरेका सम्पुर्ण विवरण ठिक सांचो हो । मैले इमानदारी तथा लगनशिलताका साथ अध्ययन नगरेमा वा मैले पेश गरेका विवरणहरु झूट्टा ठहरिएमा मैले यस संस्थाबाट छात्रवृत्ति बापत पाएको विभिन्न आर्थिक सूविधा लगायत अन्य सूविधा बापतको रकम समेत बूझाउने छु । सो रकम मैले यस संस्थालाई नबूझाएमा मेरो घर घरानाबाट असूल उपर गरेमा समेत मेरो मन्जूरी भएकोले सो बमोजिम कबूलियतनामा गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा बूझाएं ।

साथै, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको ऐन, नियमावली, छात्रवृत्ति कार्यविधी, तथा यस सम्बन्धमा भएका निर्णयहरुको पूर्ण पालना गर्ने छू ।

**छात्रवृत्ति पाउनेको**

**सहि:** ....................................

**नाम** ....................................

**ठेगाना** ....................................

**मिति:** ....................................

ल्याप्चे सहिछाप

| दाया | बाया |
|---|---|
| | |

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३

**Annex – 1**
**Related to Procedure 3(7)**

## Agreement Between The Institute of Chartered Accountants of Nepal and Contributor

Whereas ........................................... has expressed a willingness to contribute towards an Endowment Fund of ICAN for a purpose of providing scholarship to ICAN Student specified below and ICAN has agreed to accept the contribution for the purpose.

........... and ICAN have signed this Memorandum of Understanding on the ..... day of ........ 20... at Kathmandu.

1. .............. shall donate to ICAN a sum of Rupees ........... only, as the capital contribution towards an Endowment Fund which shall be called **................Scholarship Fund.**
2. ................ may, on approval of ICAN, top up additional contribution to the Fund, at a later date
3. ICAN shall invest the capital contribution to an interest bearing account.
4. The capital contribution of the Fund shall not be used and only the earnings from the fund shall be utilized for the specified purpose.
5. The specified purpose of the Fund shall be to provide the Full or Partial Scholarship to the students registered under the ICAN in Foundation level or Intermediate level or final level.
6. The recipient of the Scholarship shall be selected on the basis of criteria decided by ICAN.
7. The contributor shall have no claim over any part of the Endowment Fund.

| | |
|---|---|
| Signed | Signed |
| Contributor | Executive Director, ICAN |
| Name: | For and on behalf of the Institute of Chartered Accountants of Nepal |
| Address : | |

*Witness*

| | |
|---|---|
| Name : | Name : |
| Address: | Address: |
| Signature | Signature |

## खण्ड ख **विपदको समयमा प्रदान गरिने छात्रवृत्ति**

### १. विपद छात्रवृत्ति प्रदान गरिने अवस्था

(१) कुनै विद्यार्थीलाई देहायका सबै वा कुनै अबस्था भएमा कोषको रकमबाट विपद **छात्रवृत्ति** प्रदान गरिने छ ।

(क) बाढी-पहिरो, भुकम्प, भूक्षय, हुरीबतास, वन डढेलो, खडेरी, हिमताल बिस्फोटन, डुबान आदिबाट आवास योग्य नहुने गरि क्षति भएमा ।

(ख) जुनसुकै कारणवाट घरमुलीको मृत्यु भई आश्रित विद्यार्थी आधारभूत आवश्यकतावाट बन्चित हुन पुगेमा ।

(ग) अध्ययनरत विद्यार्थी वा विद्यार्थीको घरमुली गम्भिर रोगको शिकार भई उपचार गर्न असमर्थ भएमा ।

(घ) जीवाणु आक्रमण, संक्रमण वा महामारी रोग तथा अन्य कुनै कारणले सरकारी बन्दा बन्दीले दैनिक व्यवसाय गर्न नपाई दैनिक जीवनयापनमा कठिनाई उत्पन्न भएमा ।

(ङ) युद्ध, सडक, हवाई, जल, रेल दुर्घटना, ग्यास पदार्थ बिस्फोटन, आगलागी, औधोगिक दुर्घटना, विषाक्त ग्यास जस्ता कारणबाट निजमा वा निजको परिवारमा भौतिक एबम् मानविय क्षति भई दैनिक आवश्यकता परिपूर्ति हुन नसकेमा ।

(च) माथी उल्लेखित वाहेक अन्य दैवी प्रकोप तथा विपद पिडित भई विद्यार्थीले निवेदन दिएमा र निजको आर्थिक अवस्था कमजोर भएको पर्याप्त प्रमाण उपलब्ध भएमा कार्यकारिणी समितिको निर्णयमा ।

(२) प्रत्येक विपदका समयमा विद्यार्थीहरुबाट प्राप्त निवेदनहरुलाई छनौट गरी विपद छात्रवृत्ति उपलब्ध गराइनेछ । कुनै विद्यार्थी विपद पिडित हो वा होइन भन्ने कुरामा विपद छात्रवृत्तिका लागि प्राप्त निवेदन उपर आवश्यक अध्ययन गरि उपसमितिले निर्णय गर्नेछ ।

### २. विपद छात्रवृत्ति निवेदनका लागि आवश्यक कागजात

कार्यविधि (१) मा उल्लेखित कुनै परिस्थिति सिर्जना भएमा विद्यार्थीले अनुसूची २ को ढाचाँमा देहाएका कागजात उपलब्ध गराएर निवेदन दिनुपर्नेछ ।

(क) संस्थाले प्रदान गरेको परिचयपत्रको प्रतिलिपि ।

(ख) घातक रोग लागी उपचाररत रहेमा अस्पतालको सिफारिस र उपचार गर्न असक्षम भई घरमै रहेमा स्थानिय निकायको सिफारिस ।

(ग) संक्रामण रोग फैलन गई सरकारबाट महामारी भनि घोषणा गरि जीवन यापनमा कठिनाई भएकोमा स्थानिय निकायको सिफारिस ।

(घ) दुर्घटनामा परि अगंभंग भएमा अस्पतालवाट उपचार गरेको कागजपत्रको प्रतिलिपि ।

(ङ) तोकिएका अन्य आवश्यक कागजपत्र ।

### ३. रकम प्रदान गरिने सिमा

विBर्थीको सम्बन्धित तहमा सो समयमा संस्थालाई बुझाउनुपर्ने बक्यौता भर्ना शुल्क, परीक्षा शुल्क, तालिम शुल्क वा संस्थालाई बुझाउनुपर्ने अन्य शुल्क विपद **छात्रवृत्ति** स्वरुप उपलब्ध गराउन सक्नेछ ।

### ४. कबुलियत गर्नुपर्ने

(१) विपद छात्रवृत्तिका लागि छनौट भएको बिद्यार्थीले अनुसूची ३ बमोजिमको ढाँचामा कबुलियत गरी संस्थामा बुझाउनु पर्नेछ ।

(२) तोकिएको समय भित्र कबुलियत नगर्ने बिद्यार्थीलाई विपद छात्रवृत्ति प्रदान गरिने छैन ।

### ५. विविध

विपद छात्रवृत्तिका लागि तोकिएका बाहेक अन्य प्रावधानहरु **खण्ड क बमोजिम हुनेछन् ।**

## अनुसूची - (१)

## दाता र संस्था बीच विपद छात्रवृत्ति कोष स्थापनाको सम्झौता पत्र

लिखितम्.................................बस्ने/स्थित.............................. (यस पछि सहयोगदाता भनिनेछ) तथा ........................................................................................... स्थित नेपाल चार्टर्ड एकाउन्टेन्स् संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्ति संस्थाका कार्यकारी निर्देशक ......... .... ...... .... .... (यस पछि संस्था भनिनेछ) बीच चार्टर्ड एकाउन्टेन्सी शिक्षा अध्ययनरत विपद् पिडित विद्यार्थीहरुलाई प्रदान गरिने विपद छात्रवृत्ति कोषमा सहयोग गर्नका लागि सहयोगदाताले इच्छा व्यक्त गर्नु भई प्रस्ताव पेश गर्नु भएको र संस्थाले सहयोगदाताको प्रस्तावलाई स्वीकार गरेकाले सो कुरालाई नियमित गर्नका लागि देहायका शर्तहरुको अधिनमा रही आपसी समझदारीको आधारमा संस्थाको कार्यालयमा बसी तपसीलका साक्षीहरुको रोहवरमा आजैका मिति देखि लागू हुने गरी यो सम्झौतापत्र सम्पन्न गरिएको छ ।

**शर्तहरु:**

१. सहयोगदाताले संस्थाको विपद्का समयमा प्रदान गरिने छात्रवृतिकोषका लागि आजैका मितिमा रु. ........... ( अक्षेरुपी .....................................................) एकमुष्ट रकम संस्थालाई प्रदान गरेको छ र संस्थाले उक्त रकम आजैका मितिमा बुझिलिएको छ ।

२. शर्त नं. १ बमोजिम सहयोगदाताले संस्थालाई प्रदान गरेको रकम अक्षयकोषको रुपमा राखिनेछ । यस कोषको नाम "................................................ विपद छात्रबृत्ति कोष" रहनेछ ।

३. शर्त नं. २ बमोजिमको विपद छात्रवृत्ति कोषमा सहयोगदाताले संस्थाको स्वीकृतीमा भविष्यमा रकम थप गर्न सक्नेछ ।

४. विपद छात्रवृत्ति कोषका लागि सहयोगदाताबाट प्राप्त भएको शर्त नं. १ बमोजिमको मूलधन संस्थाले उच्च प्रतिफल प्राप्त हुने गरी सुरक्षित क्षेत्रमा लगानी गर्नेछ ।

५. यस सम्झौता बमोजिम सहयोगदाताबाट प्राप्त विपद छात्रवृति कोषको मुलधन संस्थाले कुनै पनि प्रकारले कुनै पनि अवस्थामा खर्च गर्ने छैन । उक्त मूलधनबाट प्राप्त आर्जित रकम संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभूत, मध्यम तथा अन्तिम तहमा अध्ययन गर्ने बिद्यार्थीहरुलाई नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था, विपद्को समयमा प्रदान गरिने छात्रवृत्ति कार्यविधि २०७७" बमोजिम पूर्ण वा आंशिक छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि खर्च गरिनेछ ।

६. यस सम्झौतापत्र बमोजिम सहयोगदाताले विपद छात्रवृत्ति कोषमा रकम जम्मा गरिसकेपछि विपद छात्रवृत्ति कोषमा सहयोगदाताको कुनै पनि हक लाग्ने छैन ।

७. यस सम्झौता पत्रमा उल्लेखित बिषयहरु यसै सम्झौता बमोजिम र यस सम्झौता पत्रमा उल्लेख नभएका बिषयहरु नेपाल चार्टर्ड एकाउन्टेन्स् संस्था, विपद्को समयममा प्रदान गरिने छात्रवृत्ति कार्यविधि २०७७ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

सहयोगदाताको तर्फबाट

सहयोगदाताको हस्ताक्षरः

नाम :

ठेगानाः

संस्थाको तर्फबाट

हस्ताक्षरः

नामः

पदः कार्यकारी निर्देशक

संस्थाको छापः

**साक्षीहरु**

हस्ताक्षर..................

नामः

ठेगानाः

हस्ताक्षर..................

नामः

ठेगानाः

इति सम्वत २०.........साल.............महिना.........गते.....................रोज शुभम् ।

**अनुसूची (२)**

**चार्टर्ड एकाउन्टेन्सी शिक्षामा अध्ययनरत विद्यार्थीलाई विपद छात्रवृत्ति दरखास्त फाराम**

| फोटो र फोटोमा पर्ने गरी आवेदकको हस्ताक्षर |
|---|

श्रीमान् कार्यकारी निर्देशक ज्यू
नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था
सातदोबाटो, ललितपुर ।

**विषय : चार्टर्ड एकाउन्टेन्सी शिक्षा अध्ययनको निरन्तरताका लागि विपद छात्रवृति पाउं भन्ने सम्बन्धमा ।**

महोदय,

म ................................................को नाति /नातिनी ........................................ को छोरा /छोरी.................................................... नामको .......................................... ठेगाना गरेको विद्यार्थी विपद पिडित भएकाले विपदका समयमा प्रदान गरिने छात्रवृत्तिका लागि दरखास्त आव्हान गरेकोले आवश्यक कागजातहरु सहित छात्रवृत्तिका लागि यो निबेदन पेश गरेको छु ।

मेरो व्यक्तिगत एवं शैक्षिक, आर्थिक बिवरणहरु यसै साथ पेश गरेको छु ।

भवदीय,

---

....................

**नाम :**

**मोबाइल नं. :**

**रजिष्ट्रेशन नं.(अध्ययनरत विद्यार्थीको लागी मात्र) :**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३

**(क) व्यक्तिगत बिबरण**

**१.निवेदकको नाम देवनागरिमा :**

**अंग्रेजीमा :**

**२.निवेदकको ठेगानाः**

(क) जन्मस्थान

प्रदेश................... जिल्ला...................... म.न.पा. / उ.म.न.पा. / न.पा. / गा.पा.:..................................

वार्ड नं................. टोल................................. टेलिफोन नं...................... मोबाईल नं.................

(ख) स्थायी ठेगाना

प्रदेश.................... जिल्ला...................... म.न.पा. / उ.म.न.पा. / न.पा. / गा.पा.:...................................

वार्ड नं................. टोल................................. टेलिफोन नं...................... मोबाईल नं...................

(ग) पत्राचार गर्ने

प्रदेश.................... जिल्ला...................... म.न.पा. / उ.म.न.पा. / न.पा. / गा.पा.:....................................

वार्ड नं................. टोल................................ मोबाईल नं.................. ईमेलः..........................

**३. जन्म मिति :-** बि.सं. : ....................... साल .................... महिना ............. गते

ई.सं. ............................साल ..................... महिना .............. गते

**४. लिङ्ग** .................... **५. जात :** ................ **६. हुलिया :** .......................

**७. शारीरिक अवस्था :** .....................

**८. बाबुको नाम :** पेशा :

**९. आमाको नाम :** पेशा :

**१०. अभिभावकको नामः** पेशा :

**११. ठेगाना**

(ख) शैक्षिक बिबरण :-

| क. स | अध्ययन गरेको तह | अध्ययन गरेको शैक्षिक संस्थाको नाम | परीक्षा लिने संस्था | परीक्षा पास गरेको मिति | बिषय / संकाय | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | एस्. एल. सी. | | | | | | |
| २. | १०+२ वा सो सरह | | | | | | |
| ३. | स्नातक | | | | | | |
| ४. | स्नातकोत्तर | | | | | | |
| ५. | सि.ए.फाउण्डेशन | | | | | | |
| ६. | सि.ए.इन्टरमिडियट | | | | | | |
| ७. | अन्य | | | | | | |
| ८. | हाल अध्ययनरत (भएको भए) | | | | | | |

(ग) पारिवारिक आय बिबरण (स्व घोषणा) :

परिवारका सदस्यहरुको संख्या, पेशा र उक्त पेशाबाट हुने बार्षिक आयको बिबरण

| नाता | संख्या | पेशा | बार्षिक आय रु. | कैफियत |
|---|---|---|---|---|
| बुवा | | | | |
| आमा | | | | |
| श्रीमान/श्रीमती | | | | |
| अन्य | | | | |
| **जम्मा:-** | | | | |

(घ) आवेदकको आय बिबरण (स्व घोषणा) :

| क.सं. | आय श्रोत | बार्षिक आय रु. | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| | जम्मा रु. | | |

(ङ) विपद् प्रकोप किसिम :

**घातक/संक्रामण रोग/महामारी** ☐ **प्राकृतिक प्रकोप** ☐ **दुर्घटना** ☐

**अन्य** ☐

..........................

**(च) छात्रवृत्तिमा माग गरिएको शुल्क छुटहरु**

**बक्यौता भर्ना शुल्क** ☐ **परिक्षा शुल्क** ☐ **GMCS तालिम शुल्क** ☐

**IT तालिम शुल्क** ☐ **तयारी कक्षा शुल्क** ☐ **अध्ययन सामाग्री शुल्क** ☐

**अन्य शुल्क** ☐ .......................................

**आजका मिति भन्दा अगाडि यस संस्थाबाट वा अन्य कुनै विपदका समयमा छात्रवृत्ति पाएको भए सो को बिबरण (स्वः घोषणा)**

| छात्रबृत्ति पाएको रकम | प्रयोजन | प्रदान गर्ने संस्थाको नाम | जम्मा रकम रु. |
|---|---|---|---|
| | | | |

**ज) निवेदकले भर्ने :**

माथि उल्लेखित बिबरणहरु सांचो छन् । कुनै बिबरण लुकाएको वा बढाइचढाइ गरेको छैन । मैले कुनै नैतिक पतन हुने फौज्दारी अपराधमा सजाय पाएको छैन । सजाय पाई भूक्तान भएको मितिले १ वर्ष समाप्त भइ सकेको छ । मैले संस्थाको ऐन, नियम कानूनको उल्लंघन गरी गई कुनै सजाय पाएको छैन । कार्यविधि १० बमोजिम अयोग्य छैन । छात्रवृत्ति पाएमा तोकिएका ऐन, नियमको पालना गर्नेछु । मेरो बिबरण झुट्टा ठहरे मैले प्राप्त गरेको छात्रवृत्ति रद्द भएमा मलाई संस्थाबाट छात्रवृत्ति उपलब्ध गराउदा लागेको खर्च रकम बुझाउन तयार छु ।

**निवेदकको हस्ताक्षर :-**

**मिति :-**

| **औठा छाप** | |
|---|---|
| | |
| **दाँया** | **बाँया** |

**निवेदनमा संलग्न हुनु पर्ने कागजातहरु :-**

(१) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(२) स्थानिय निकायको सिफारिस

(३) घातक रोग लागी उपचाररत रहेमा अस्पतालको सिफारिस र उपचार गर्न असक्षम भई घरमै रहेमा स्थानिय निकायको सिफारिस ।

(४) दुर्घटनामा परि अगंभंग भएमा अस्पतालवाट उपचार गरेको कागजपत्रको प्रतिलिपी ।

**<u>उपसमितिका तर्फबाट भर्ने :</u>**

निजलाई लिखित परीक्षा/ अन्तरवार्ताका लागि छनौट गरिएको छ / छैन ।

________

**निर्णय :**

मिति :

## अनुसूची (३)

## कबुलियतनामा

श्री................................................ को नाति/नातिनी श्री................. ............ .......... .... को छोरा/छोरी .................................................. बस्ने .................वर्ष ................ को म .................................... ...................... **नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी शिक्षा ..........................** तहमा अध्ययनरत विद्यार्थी मिति .................................. मा **विपद** छात्रवृत्तिमा छनौट भएकोले हुदा इमान्दारी तथा लगनशिलताका साथ अध्ययन कार्य गर्नेछु । मैले यस संस्थामा पेश गरेका सम्पूर्ण विवरण ठिक सांचो हो । मैले इमान्दारी तथा लगनशिलताका साथ अध्ययन नगरेमा वा मैले पेश गरेका विवरणहरु झुट्टा ठहरिएमा मैले यस संस्थाबाट छात्रवृत्ति बापत पाएको विभिन्न आर्थिक सुविधा लगायत अन्य सुविधा बापतको रकम समेत बुझाउने छु । सो रकम मैले यस संस्थालाई नबुझाएमा मेरो घर घरानाबाट असुल उपर गरेमा समेत मेरो मन्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थामा बुझाएं ।

नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था ऐन, नियमावली, **विपद** छात्रवृत्ति कार्यविधी, तथा यस सम्बन्धमा भएका निर्णयहरुको पुर्ण पालना गर्ने छु ।

**विपद छात्रवृत्ति पाउनेको**

**हस्ताक्षरः** ......................................

**नाम** .....................................

**ठेगाना** .....................................

**मितिः** .....................................

| **औठा छाप** | |
|---|---|
| | |
| **दाँया** | **बाँया** |